शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः २ २३ भाद्र २०८२

## भाग-२

## शिवालय गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको

## सूचना

# कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

*गाँउकार्यपालिकाबाट स्वीकृत मिति २०८२।०५।१७*

**प्रस्तावनाः**

व्यवसायिक कृषक तथा उद्यमीहरुले संचालन गरिरहेको व्यवसाय र सो को भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभको आधारमा कृषि, पशुपंक्षी, मत्स्य विकास तथा प्रवर्द्धनमा दिइने अनुदान मार्फत उक्त क्षेत्रको दिगो र व्यवसायिक रुपमा अगाडी बढ्न सहयोग हुन्छ, तसर्थ यस शिवालय गाँउपालिकाबाट कृषि तथा पशुपंक्षी विकास तर्फ संचालित कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न शिवालय गाउँ कार्यापालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(ण) क्षेत्राधिकार

कार्यान्वयन गर्न वाञ्छनीय भएकोले सोही ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि **"कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अध्यक्ष" भन्नाले शिवालय गाँउपालिका अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले शिवालय गाँउपालिका उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवालय गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

(घ) वड अध्यक्ष भन्नाले शिवालय गाँउपलिकाको १देखी ९ वडाका अध्यक्षज्यूहरुलाई सम्झनु पर्छ ।

(ङ) शाखा भन्नाले गाँउपालिका मातहतका कृषि/पशुपन्छी विकास शाखाहरुलाई सम्झनु पर्छ।

(च) अनुदान भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको लागि गाँउपालिका र मातहातका शाखाबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(छ) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ज) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरि कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(झ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनु पर्छ।

(ञ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम सूचना प्रकाशित भएका क्रियाकलाप/ कार्यक्रमलाई सम्झनु पर्छ।

(ट) "कार्ययोजना" भन्नाले दफा ४ बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार सेवाग्राहीले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(ठ) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, पुष्प, पशुपन्छी, माछा, मासु, दूध, फुल, च्याउ, मौरी, घाँसेबाली, तेलहन, दलहन, आदि लगायत कृषि तथा पशुपंक्षीका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँछ।

(ड) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरु मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा

काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ढ) "गाँउपालिका" भन्नाले शिवालय गाँउपालिका, सिमा, जाजरकोटलाई सम्झनु पर्छ।

(ण) "पशु" भन्नाले घरपालुवा पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(त) "फर्म" भन्नाले प्रचिलत कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(थ) "समिति" भन्नाले यस कार्यविधिको दफा ११ अनुसार गठित कृषि तथा पशुपन्छि विकास निर्देशन समितिलाई सम्झनु पर्छ ।

(द) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

**३. अनुदान उपलब्ध गराउन सक्नेः** (१) गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा विगतमा अनुदान प्राप्त नगरेको अनुदानग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरिने कृषि विकास तर्फको कार्यक्रम, खर्च र अनुदानको मापदण्ड अनुसूची-१ बमोजिम हुनेछ र पशुपन्छी विकास तर्फको अनुसूची-२ बमोजिम हुनेछ।

**४. <u>सूचना प्रकाशन गर्नुपर्ने:</u>** कार्यालयले दफा ३ को उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न तथा अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि कम्तीमा सात दिनको म्याद राखी प्रस्ताव पेश गर्न अनुसूची -३ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

**५. <u>प्रस्ताव पेश गर्नुपर्ने:</u>** दफा ३ बमोजिम अनुदान लिन चाहनेले अनुदानग्राहीले दफा ४ बमोजिमको सूचना प्रकाशन पश्चात कृषि विकास तर्फ अनुसूची-४ र पशुपन्छि विकास तर्फ अनुसूची-५ बमोजिमको बमोजिमको निवेदन र प्रस्ताव अनुसूची-८ बमोजिमको स्वघोषणा तथा माग भएका कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ।

**६. <u>प्राविधिक मूल्याङ्कन:</u>** दफा ५ बमोजिम पेश भएका प्रस्तावको प्राविधिक मूल्याङ्कन प्रस्ताव छनौट समिति समक्ष सिपारिस गर्न प्राविधिकले अनुसूची-६ बमोजिमको प्रस्ताव मूल्याङकनका आधारमा रही प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेछ।

**७. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट:</u>** दफा ५ बमोजिम पेश भएका प्रस्तावहरूको दफा ६ बमोजिमको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा प्रस्तावको अन्तिम छनौट दफा १३ बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ।

८. **<u>सम्झौता गर्नुपर्ने:</u>** कार्यालयले अनुदानग्राहीको छनौट भएपछी तोकिएको अनुदान सीमाको आधारमा अनुदान रकमको निर्धारण गरी कम्तीमा सात दिनको समय म्याद गरी अनुदानग्राहीसँग अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

९. **<u>अनुदानको भुक्तानी:</u>** (१) शाखाले कार्यक्रम सञ्चालन गरेको खण्डमा अनुदानग्राहीको लागत साझेदारी सुनिश्चितता हुने गरी प्रचलित कानुन बमोजिम खरीद गरी सामग्री उपलब्ध गराउन सक्नेछ।

(२) संस्थागत रुपमा दर्ता भइ काम गर्ने कृषक समूह, सहकारी वा फर्म वा कम्पनीले संस्थाको आर्थिक कार्यविधि वा विनियम र शाखाको निर्देशन अनुसार खरिद विधि अनुसार कार्य सञ्चालन गर्न सक्नेछन्।

(३) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सञ्चालित भएका कृयाकलापहरुको सक्कल बिल भरपाई संलग्न राखी भुक्तानी माग गर्नु पर्नेछ।

(४) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ। पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टी गरी भुक्तानी गरिनेछ।

(५) उपदफा (४) मा जे सुकै लेखिएको भएपनि दुई (२) किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता नहुने ठानेमा सो भन्दा कम किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ ।

(६) कम्तीमा ५० प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो

किस्ता भुक्तानी गरिनेछ।

तर कार्यालयले कार्यक्रमको प्रकृतिको आधारमा पेश्की रकम उपलब्ध गराउन आवश्यक ठानेमा कार्यक्रम सञ्चालनको सुरुवातमा लागत अनुमानको अधिकतम ३३ प्रतिशत बराबरको रकम पेशकी स्वरूप उपलब्ध गराउन बाधा पर्ने छैन।

(७) अन्तिम किस्ताको रकम भुक्तानी वा निकासा गर्दा सो अगाडिका किस्ताको कामको वित्तीय तथा भौतिक प्रगति, सम्बन्धित प्राविधिकको निरीक्षण सहितको पुष्टयाई प्रतिवेदन प्राप्त भए पछि निकासा वा भुक्तानी गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम अन्तिम किस्ताको रकम निकासा गर्दा कामको वित्तीय तथा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित प्राविधिकको निरिक्षण सहितको पुष्ट्याइंको प्रतिवेदन, सार्वजनिक सुनुवाई, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन, आदि आवश्यक कागजात हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ ।

(९) अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धित वडा स्थित कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

**१०. <u>लेखा तथा लेखापरीक्षणः</u>** (१) कार्यक्रमको लेखा सम्बन्धित कार्यालयले राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

**११. <u>कृषि तथा पशुपन्छी विकास निर्देशक समितिः</u>** (१) कार्यक्रम सञ्चालन गर्न आवश्यक नीति तथा निर्देशनका लागि गाँउपालिकामा देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ,-

| | |
|---|---|
| क) गाँउपालिका अध्यक्ष | संयोजक |
| ख) गाँउपालिका उपाध्यक्ष | सदस्य |
| ग) आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ) संयोजकले तोकेको २ जना वडा अध्यक्ष | सदस्य |
| ङ) योजना शाखा प्रमुख | सदस्य |
| च) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| छ) कृषि विकास शाखा प्रमुख | सदस्य |
| ज) पशुपन्छी विकास शाखा प्रमुख | सदस्य |
| झ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) समितिको बैठक आवश्कता अनुसार बस्नेछ र समितीले कुनै ३ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

१२. **<u>निर्देशक समितिको काम, कर्तब्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नीतिगत समस्या समाधान गर्ने,

(ख) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन, निरिक्षण गर्ने,

(ग) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने।

**१३. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः</u>** (१) कार्यक्रम सञ्चालनका लागि पेश भएका प्रस्तावको मूल्याङ्कन तथा छनौटका लागि देहाय बमोजिमको समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | प्र.प्र.अ. | शिवालय गाँउपालिका | संयोजक |
| (ख) | प्रमुख | योजना शाखा | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | प्रमुख | कृषि विकास शाखा | सदस्य |
| (ङ) | प्रमुख | पशुपन्छी विकास शाखा | सदस्य |

स्पष्टीकरणः खण्ड (घ) र (ङ) को प्रयोजनका लागि कृषि विकास तथा पशुपन्छी विकास शाखा प्रमुख मध्ये समबन्धित शाखा प्रमुखले सदस्य सचिवको भूमिका निर्वाह गर्नेछ। साथै आवश्यकता अनुसार विज्ञ तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

**१४. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकारः</u>** प्रस्तावको मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(१) निर्देशक समिती द्वारा प्राप्त राय सुझाव र पृष्ठपोषणलाइ कार्यन्वयन गर्ने गराउने ।

(२) स्वीकृत कार्यक्रमको प्रस्ताव छनौट सूचना प्रकाशन तथा मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्ने ।

(३) स्वीकृत कार्यक्रममा प्रस्ताव अनुसार कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार सम्झौताका लागि सिफारिस गर्ने।

(४) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने।

(५) प्रभावकारी कार्यान्वयनका लागि अनुदानग्राहीलाई राय सुझाव दिने।

(६) प्रस्ताव र मूल्याङ्कनका सूचक निर्धारण गरी आवश्यकता अनुसार सुझाव दिने।

## परिच्छेद-४
## विविध

**१५. अनुगमन तथा मूल्याङ्कनः** (१) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रूपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले कम्तिमा चौमासिक रूपमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति कार्य सम्पन्न पश्चायत कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन पश्चात कार्यालयलले कार्यक्रमका पूर्व निर्धारित उद्देश्य र प्राप्त उपलब्धीहरुको प्रभाव मूल्याङ्कन गर्न सक्नेछ र त्यसरी प्रभाव मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको सुझावको आधारमा अनुदान सम्बन्धी नीति निर्माण गर्दा पृष्ठपोषणको रूपमा ग्रहण गर्न सकिनेछ।

**१६. अनुदान अन्यत्र प्रयोग गर्न नपाईने:** (१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकम वा अनुदान प्राप्त सामग्री समबन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च, प्रयोग तथा हिनामिना गर्न पाइने छैन।

(२) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको अनुदान उपदफा (१) बमोजिम अन्यत्र प्रयोग वा दुरूपयोग गरेको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**१७. जवाफदेहीता तथा जिम्मेवारी**ः (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पुर्ण सदुपयोग एवम् उपलब्धी लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

आवश्यक ठानेमा कार्यालयले आचारसंहिता बनाई लागु गराउनेछ।

(४) विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा अनुदानग्राहीले त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, प्रहरी प्रतिवेदन, वडाको सिफारिस लगायतका कागजातहरू अनुदान प्रदायक निकायमा पेश गरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

**१८. <u>समन्वय र सहकार्य</u>**: कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्बन्धित वडा कार्यालय सँग समन्वय र सहकार्यमा समेत गर्न सकिनेछ |

**१९. <u>गुनासो व्यवस्थापनः</u>** (१) अनुदान प्राप्तिको क्रममा कुनै गुनासो भएमा अनुदानग्राहीले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो गुनासो प्राप्त भएको मितिले ३० दिन भित्र गुनासो निरुपण गर्नुपर्नेछ।

**२०. <u>प्राविधिक जाँचपास गर्नुपर्नेः</u>** प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले तोकेको परियोजना तथा कार्यक्रमको लागत अनुमान, लेआउट, डिजाइन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

**२१. <u>बीमा गर्न सक्नेः</u>** दफा ३ बमोजिम सञ्चालन हुने कार्यक्रमहरु अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदाग्राहीले बीमा गर्न सक्नेछ।

**२२. <u>दोहोरो सुविधा लिन नपाउनेः</u>** अनुदानग्राहीले एउटै कामकको लागि एक आर्थिक वर्ष भित्र एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर अन्य साझेदार निकायसँग सम्झौता भई लागत अनुमानमा साझैदारीको हिस्सा

उल्लेख गरिएको अवस्थामा सम्झौतामा स्पष्ट फरक पारी फरक कार्य गर्ने गरी प्रस्ताव स्वीकृत भएको अवस्थामा कार्यालयले अनुदान प्रदान गर्न सक्नेछ।

**२३. <u>बाधा अड्काउ फुकाउ</u>:** यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**२४. <u>संशोधन</u>:** यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकरी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

**<u>२५. खारेजी र बजाउ</u>:** यस अघि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसची-१

(दफा ३(३) सँग सम्बन्धित)

## कृषि विकास तर्फका कार्यक्रम, खर्च तथा अनुदान मापदण्ड

<table>
<tr><td>(क)</td><td colspan="2">फलफूल क्षेत्र विस्तार कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. फलफूल उत्पादनमा आधुनिकीकरण र व्यावसायिकरण गरी जिविकोपार्जनमा सुधारका साथै आयस्तर वृद्धि गराउन सहयोग गर्ने<br>२. फलफूल बालीमा हुने जोखिम न्यूनीकरण गर्ने</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. फलफूलको गुणस्तरिय बिरुवा वितरण<br>२. सिँचाई तथा झारपात व्यवस्थापन<br>३. बगैंचा व्यवस्थापन, सुदृढिकरण तथा घेराबार<br>४. बाली संरक्षण<br>५. क्षमता अभिवृद्धि तालिम<br>६. प्रसार सामग्री प्रकाशन</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td>
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>निजी (प्रतिशत)</td><td>समुह| सहकारी| समुदाय (प्रतिशत)</td></tr>
<tr><td>१</td><td>फलफूलको बेर्ना</td><td>५०</td><td>७०</td></tr>
<tr><td>२</td><td>सिँचाई व्यवस्थापन</td><td>५०</td><td>८५</td></tr>
<tr><td>३</td><td>घेराबार, जैविक बार वा तार बार</td><td>५०</td><td>५०</td></tr>
<tr><td>४</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>५</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
<tr><td>६</td><td>बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री</td><td>५०</td><td>७०</td></tr>
<tr><td>७</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
</table>
</td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. उन्नत जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ वगैंचा स्थापना गरेको हुनुपर्ने।<br>२. सामूहिक वा एकल रुपमा एउटै चक्लामा वगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिइने।</td></tr>
<tr><td>(ख)</td><td colspan="2">चिया तथा कफि खेती विस्तार कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. चिया तथा कफी खेती प्रवर्द्धन गरी कृषकको आयस्तरमा वृद्धि गर्ने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. चिया तथा गुणस्तरिय बिरुवा वितरण<br>२. सिँचाई तथा झारपात व्यवस्थापन</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>३. बगैंचा व्यवस्थापन, सुदृढिकरण तथा घेराबार<br>४. बाली संरक्षण<br>५. क्षमता अभिवृद्धि तालिम<br>६. प्रसार सामग्री प्रकाशन</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>निजी (प्रतिशत)</th><th>समुह| सहकारी| समुदाय (प्रतिशत)</th></tr>
<tr><td>१</td><td>चिया कफीको बिरुवा</td><td>१००</td><td>१००</td></tr>
<tr><td>२</td><td>सिँचाई व्यवस्थापन</td><td>५०</td><td>८५</td></tr>
<tr><td>३</td><td>घेराबार, जैविक बार वा तार बार</td><td>५०</td><td>५०</td></tr>
<tr><td>४</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>५</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
<tr><td>६</td><td>बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री</td><td>५०</td><td>७०</td></tr>
<tr><td>७</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
</table>
</td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. सामूहिक वा एकल रुपमा एउटै चक्लामा बगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिइने।</td></tr>
<tr><td>(ग)</td><td colspan="2">कोदो खेती विस्तार कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. कोदो बालीको संरक्षण, प्रवर्द्धन तथा व्यावसायिकरण गर्ने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. बीउ वितरण<br>२. सिँचाई तथा झारपात व्यवस्थापन<br>३. बाली संरक्षण<br>४. क्षमता अभिवृद्धि तालिम<br>५. प्रसार सामग्री प्रकाशन<br>६. उत्पादनोपरान्त व्यवस्थापन<br>७. बजारीकरण प्रवर्द्धन</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>निजी (प्रतिशत)</th><th>समुह| सहकारी| समुदाय (प्रतिशत)</th></tr>
<tr><td>१</td><td>बीउ</td><td>५०</td><td>७०</td></tr>
<tr><td>२</td><td>सिँचाई व्यवस्थापन</td><td>५०</td><td>८५</td></tr>
<tr><td>३</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>४</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>५</td><td>बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री</td><td>५०</td><td>७०</td></tr>
<tr><td>६</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन, बजारीकरण आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
</table></td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. चक्लामा कोदो खेती गरिरहेकालाई प्राथमिकता दिइने।</td></tr>
<tr><td>(घ)</td><td colspan="2">चक्लाबन्दी तरकारी खेती कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. तरकारी खेतीमा नविनतम प्रविधि सहित उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. बीउ/बेर्ना वितरण<br>२. सिँचाई तथा झारपात व्यवस्थापन<br>३. बाली संरक्षण<br>४. क्षमता अभिवृद्धि तालिम<br>५. प्रसार सामग्री प्रकाशन<br>६. उत्पादनोपरान्त व्यवस्थापन<br>७. बजारीकरण प्रवर्द्धन<br>८. नर्सरी, प्लाष्टिक घर आदि जस्ता पुर्वाधार तथा आवश्यक सामग्री</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td><table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>निजी (प्रतिशत)</td><td>समुह| सहकारी| समुदाय (प्रतिशत)</td></tr>
<tr><td>१</td><td>बीउ| बेर्ना</td><td>५०</td><td>७०</td></tr>
<tr><td>२</td><td>सिँचाई व्यवस्थापन</td><td>५०</td><td>८५</td></tr>
<tr><td>३</td><td>घेराबार, जैविक बार वा तार बार</td><td>५०</td><td>५०</td></tr>
<tr><td>४</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>५</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
<tr><td>६</td><td>बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री</td><td>५०</td><td>७०</td></tr>
<tr><td>७</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन, बजारीकरण आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
<tr><td>८</td><td>नर्सरी, प्लाष्टिक घर आदि जस्ता पुर्वाधार तथा आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
</table></td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. सामूहिक वा एकल रुपमा एउटै चक्लामा तरकारी खेती गर्नेलाई प्राथमिकता दिइने।<br>२. पुर्वाधार वा संरचना निर्माणको लागि न्युनतम ५ वर्षको सम्झौतानामा</td></tr>
</table>

| | | |
|---|---|---|
| | | रहेको। |
| **(ङ)** | **वर्षे आलु खेती विस्तार कार्यक्रम** | |
| | उद्देश्य | १. वर्षे आलुको उत्पादन वृद्धि गर्ने। |
| | प्रमुख क्रियाकलाप | १. बीउ वितरण<br>२. सिँचाई तथा झारपात व्यवस्थापन<br>३. बाली संरक्षण<br>४. क्षमता अभिवृद्धि तालिम<br>५. प्रसार सामग्री प्रकाशन<br>६. उत्पादनोपरान्त व्यवस्थापन<br>७. बजारीकरण प्रवर्द्धन |
| | अनुदान रकम र अधिकतम सीमा | (तालिका तल) |

| क.सं. | विवरण | निजी (प्रतिशत) | समुह\| सहकारी\| समुदाय (प्रतिशत) |
|---|---|---|---|
| १ | बीउ | ५० | ७० |
| २ | सिँचाई व्यवस्थापन | ५० | ८५ |
| ३ | मेशिनरी, औजार, उपकरण | ५० | ७० |
| ४ | क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन | १०० | १०० |
| ५ | बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री | ५० | ७० |
| ६ | उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन, बजारीकरण आदि) आवश्यक सामग्री | ५० | ८५ |

| | | |
|---|---|---|
| | न्यूनतम मापदण्ड | १. सामूहिक वा एकल रुपमा एउटै चक्लामा खेती गर्नेलाई प्राथमिकता दिइने। |
| **(च)** | **मसलाबाली खेती विस्तार / प्रवर्द्धन कार्यक्रम** | |
| | उद्देश्य | १. मसलाबाली खेतीको प्रवर्द्धन गरी कृषकको जीवनस्तरमा सुधार गर्ने। |
| | प्रमुख क्रियाकलाप | १. बीउ/बेर्ना वितरण<br>२. सिँचाई तथा झारपात व्यवस्थापन<br>३. बाली संरक्षण<br>४. क्षमता अभिवृद्धि तालिम<br>५. प्रसार सामग्री प्रकाशन<br>६. उत्पादनोपरान्त व्यवस्थापन<br>७. बजारीकरण प्रवर्द्धन<br>८. नर्सरी, प्लाष्टिक घर आदि जस्ता पुर्वाधार तथा आवश्यक सामग्री |
| | अनुदान रकम र अधिकतम सीमा | (तालिका तल) |

| क.सं. | विवरण | निजी (प्रतिशत) | समुह\| सहकारी\| समुदाय (प्रतिशत) |
|---|---|---|---|
| १ | बीउ / बेर्ना | ५० | ७० |

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>२</td><td>सिँचाई व्यवस्थापन</td><td>५०</td><td>८५</td></tr>
<tr><td>३</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>४</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
<tr><td>५</td><td>बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री</td><td>५०</td><td>७०</td></tr>
<tr><td>६</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन, बजारीकरण आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
</table></td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. सामूहिक वा एकल रुपमा एउटै चक्लामा खेती गर्नेलाई प्राथमिकता दिइने।</td></tr>
<tr><td>(छ)</td><td colspan="2">बीउ उत्पादन कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. उन्नत जातको बीउ उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. प्रजनन, मूल, प्रमाणित वा श्रोत बीउ<br>२. सिँचाई तथा झारपात व्यवस्थापन<br>३. बाली संरक्षण<br>४. क्षमता अभिवृद्धि तालिम<br>५. प्रसार सामग्री प्रकाशन<br>६. उत्पादनोपरान्त व्यवस्थापन तथा बजारीकरण प्रवर्द्धन<br>७. प्रयोगशाला / बीउबिजन तथा खडाबाली निरीक्षण<br>८. कृषि बिमा</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td><table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>निजी (प्रतिशत)</td><td>समुह| सहकारी| समुदाय (प्रतिशत)</td></tr>
<tr><td>१</td><td>प्रजनन,मुल वा श्रोत बीउ</td><td>५०</td><td>७०</td></tr>
<tr><td>२</td><td>सिँचाई व्यवस्थापन</td><td>५०</td><td>८५</td></tr>
<tr><td>३</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>४</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
<tr><td>५</td><td>बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री</td><td>५०</td><td>७०</td></tr>
<tr><td>६</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन, बजारीकरण आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
<tr><td>७</td><td>प्रयोगशाला / बीउबिजन तथा खडाबाली निरीक्षण</td><td>१००</td><td>१००</td></tr>
</table></td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. बीउ उत्पादन गर्दा बीउबिजन प्रमाणीकरण निर्देशिका, २०७४ बमोजिमको क्षेत्रफलको मापदण्ड पुरा गरेको।</td></tr>
</table>

<table>
<tr><td>(ज)</td><td colspan="2">रोगकीरा नियन्त्रण / आकस्मिक बाली संरक्षण कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. रोगकीराको प्रकोप नियन्त्रण गरी उत्पादनको सुनिश्चितता गर्ने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. रोगकरी नियन्त्रणका लागि आवश्यक रोगकीरा नियन्त्रण विषादि, पासो आदि जस्ता सामग्री वितरण।</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td>१. बालीको क्षेत्रफल तथा रोगकीराको प्रकोप अनुसार प्राविधिकको सिफारिसको आधारमा आवश्यक विषादि १००% अनुदानमा वितरण गर्न सकिने।</td></tr>
<tr><td>(झ)</td><td colspan="2">व्यावसायिक मौरीपालन कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. मौरी पालनको विकास र व्यावसायिकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. आधुनिक मौरी घार<br>२. यन्त्र उपकरणमा सहयोग<br>३. क्षमता अभिवृद्धि तालिम<br>४. प्रसार सामग्री प्रकाशन<br>५. उत्पादनोपरान्त व्यवस्थापन तथा बजारीकरण प्रवर्द्धन</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td>
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>निजी (प्रतिशत)</td><td>समुह| सहकारी| समुदाय (प्रतिशत)</td></tr>
<tr><td>१</td><td>आधुनिक घार ( गोला सहित वा गोला रहित)</td><td>५०</td><td>७०</td></tr>
<tr><td>२</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>३</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
<tr><td>४</td><td>बालीको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी सामग्री</td><td>५०</td><td>७०</td></tr>
<tr><td>५</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन, बजारीकरण आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
</table>
</td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. मौरीको लागि चरनको पर्यापतता अनुसार प्राथमिकता दिइने।</td></tr>
<tr><td>(ज)</td><td colspan="2">तरकारीको सिडकिट वितरण कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. तरकारीबालीको सिडकिट वितरण।</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td>१. प्रति व्यक्तिलाई अधिकतम रू. १०००/- सम्मको सिडकिट १००% अनुदानमा वितरण गर्न सकिने।</td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. न्युनतम ५ किसिमका तरकारीको बीउ वितरण गर्न सकिने।<br>२. लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।</td></tr>
<tr><td>(ट)</td><td colspan="2">च्याउ उत्पादकलाई सहयोग कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. च्याउ खेती प्रवर्द्धन गरी आयस्तर तथा पोषण सुरक्षाको सुधारमा टेवा</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>पुर्याउने।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. बीउ<br>२. क्षमता अभिवृद्धि तालिम<br>३. प्रसार सामग्री प्रकाशन<br>४. उत्पादनोपरान्त व्यवस्थापन तथा बजारीकरण प्रवर्द्धन<br>५. च्याउ घर जस्ता पुर्वाधार तथा आवश्यक सामग्री<br>६. आवश्यक औजारमा सहयोग</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td><table>
<tr><td>क.सं.</td><td>विवरण</td><td>निजी (प्रतिशत)</td><td>समुह| सहकारी| समुदाय (प्रतिशत)</td></tr>
<tr><td>१</td><td>बीउ</td><td>५०</td><td>७०</td></tr>
<tr><td>२</td><td>मेशिनरी, औजार, उपकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>३</td><td>क्षमता अभिवृद्धि, प्रसार सामग्री प्रकाशन</td><td>१००</td><td>१००</td></tr>
<tr><td>४</td><td>उत्पादनोपरान्त (भण्डारण, प्याकेजिङ, प्रशोधन, बजारीकरण आदि) आवश्यक सामग्री</td><td>५०</td><td>८५</td></tr>
<tr><td>५</td><td>च्याउ घर जस्ता संरचना निर्माण</td><td>५०</td><td>८५</td></tr>
</table></td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>१. लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।</td></tr>
</table>

## अनुसची-२

(दफा३(३)सँगसम्बन्धित)

### पशुपन्छी विकास तर्फका कार्यक्रम, खर्च तथा अनुदान मापदण्ड

| | | |
|---|---|---|
| **क** | **पशु स्वास्थ्य कार्यक्रमहरु** | |
| | उद्देश्य | १.स्थानीयस्तरमापशुपालककिसानलाईनिःशुल्कस्वास्थ्यसेवाउपलब्धगराउने।<br>२.किसानलाई पशुपालनका नयाँ प्रविधि र रोग नियन्त्रणका उपायबारे सचेत बनाउने। |
| | प्रमुख क्रियाकलाप | १. पशुस्वास्थ्यजाँच<br>२. पशु स्वास्थ्य शिबिर कार्यक्रम<br>३. गोबर परिक्षण सेवा<br>४. आकस्मिक रोग नियन्त्रणसेवा<br>५. औषधी वितरण (निःशुल्क/सहयोगमा)<br>६. खोप कार्यक्रम<br>७. कृमिनाशक वितरण |
| | अनुदान रकम र अधिकतम सीमा | पालिकाको प्रत्येक वर्षको आर्थिक विद्येकमा उल्लेख भए बमोजिम राजस्व संकलन गरि माथिका क्रियाकलापहरु गरिनेछ । |
| | न्यूनतम मापदण्ड | १. कृषक/कृषकसमूह वा सहकारी सबै लाई समाबेसगरिनेछ। |
| **ख** | **डिस्पेन्सरि संचालन** | |
| | उद्देश्य | |
| | प्रमुख क्रियाकलाप | १.औषधी उपचार<br>२.परजीवि नियन्त्रण<br>३.गर्व परिक्षण<br>४.बन्ध्याकरण<br>५.कृतिम गर्वाधान साथै प्रजनन विकृती उपचार |
| | अनुदान रकम र अधिकतम सीमा | पालिकाको प्रत्येक वर्षको आर्थिक विद्येकमा उल्लेख भए बमोजिम राजस्व संकलन गरि माथिका क्रियाकलापहरु गरिनेछ । |
| **ग** | **आहारा विकास कार्यक्रम** | |
| | उद्देश्य | १.पोषण युक्त आहाराको व्यवस्थापनमा जोड दिई पशु उत्पादनमा वृद्धि गर्न । |
| | प्रमुख क्रियाकलाप | १.भुई घाँस तथा डाले घाँसका बिउ बेर्ना खरिद तथा वितरण ।<br>२.मिनरल ब्लक वितरण । |
| | अनुदान रकम र | क्र. \| विवरण \| निजी \| समुह/सहकारी/स |

<table>
<tr><td></td><td>अधिकतम सीमा</td><td>
<table>
<tr><td>स</td><td></td><td>(प्रतिशत)</td><td>मुदाय (प्रतिशत)</td></tr>
<tr><td>१</td><td>हिउँदे तथा वर्षे भुई घाँसहरुको विउ वितरण</td><td>१००</td><td>१००</td></tr>
<tr><td>२</td><td>हिउँदे तथा वर्षे डाँले घाँसहरुको विउ/बेर्ना वितरण</td><td>१००</td><td>१००</td></tr>
<tr><td>३</td><td>मिनिरण ब्लक</td><td>५०</td><td>७०</td></tr>
</table>
</td></tr>
<tr><td></td><td>न्यूनतम मापदण्ड</td><td>समुह सहकारीलाई मुख्य प्राथमिकतामा राखिने छ ।</td></tr>
<tr><td>घ</td><td colspan="2">मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१.पोखरी निर्माण गरी कृषकलाई मत्स्य पालनको लागी सहयोग गर्ने ।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१. नयाँ पोखरी निर्माण गर्ने ।<br>२. पोखरी मर्मत संभार ।<br>३. व्यवसायिक मत्स्य पालन तालिम ।<br>४. माछाका भुरा वितरण ।<br>५. जिंउदो माछा विक्री वितरण स्टल निर्माण तथा सुधार ।<br>६. मत्स्य व्यवसायका लागी यान्त्रिकरणमा सहयोग ।<br>७. माछाको चुना तथा जिप्सम खरिद तथा वितरण ।</td></tr>
<tr><td></td><td>अनुदान रकम र अधिकतम सीमा</td><td>
<table>
<tr><td>क्र.स</td><td>विवरण</td><td>निजी (प्रतिशत)</td><td>समुह/सहकारी/समुदाय (प्रतिशत)</td></tr>
<tr><td>१</td><td>नयाँ पोखरी निर्माण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>२</td><td>पोखरी मर्मत संभार</td><td>५०</td><td>७०</td></tr>
<tr><td>३</td><td>व्यवसायिक मत्स्य पालन तालिम</td><td>१००</td><td>१००</td></tr>
<tr><td>४</td><td>माछाका भुरा</td><td>५०</td><td>७०</td></tr>
<tr><td>५</td><td>जिंउदो माछा विक्री वितरण स्टल निर्माण तथा सुधार</td><td>५०</td><td>७०</td></tr>
<tr><td>६</td><td>मत्स्य व्यवसायका लागी यान्त्रिकरण</td><td>५०</td><td>७०</td></tr>
<tr><td>७</td><td>माछाको चुना तथा जिप्सम खरिद तथा वितरण</td><td>५०</td><td>७०</td></tr>
</table>
</td></tr>
<tr><td>ङ</td><td colspan="2">पशु स्वास्थ्य आकस्मिक सेवा</td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१.पशुपंछीमा देखा पर्ने आकस्मिक रोगहरुको समाधानका लागि तयारि अवश्थामा रहने ।</td></tr>
<tr><td></td><td>प्रमुख क्रियाकलाप</td><td>१.खोप तथा औषधि खरिद गर्ने ।<br>२.जैविक सुरक्षाका सामग्री खरिद गर्ने ।<br>३.प्रचार प्रसा सामग्री ।</td></tr>
</table>

<table>
<tr><td><u>च</u></td><td colspan="2">पशुपन्छी प्रवर्द्धन कार्यक्रम</td><td></td></tr>
<tr><td></td><td>उद्देश्य</td><td>१. व्यावसायिकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने।</td><td></td></tr>
